सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड
बालुवाटार, काठमाडौं
बाईसौं वार्षिक साधारण सभाको
विवरण तथा निर्णयहरु

यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०८३/०५/३० गते (तदनुसार १५ सेप्टेम्बर २०२६) मंगलबारका दिन बसेको ४०० औं बैठकको निर्णय अनुसार बोलाइएको बाईसौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिका अध्यक्ष उज्ज्वल सत्यालज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी निम्न विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

१. **साधारण सभाको मिति, समय र स्थान:**

सभा हुने मिति : २०८३ साल असोज २२ गते (तदनुसार ८ अक्टोबर २०२६), बिहिबार

स्थान : एलिस रिसेप्सन, गैरीधारा, काठमाडौं ।

सभा सुरु हुने समय : बिहान १०:०० बजे ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार बाईसौं वार्षिक साधारण सभा हुने मिति, समय र छलफल हुने विषय खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सो बमोजिमको सूचना मिति २०८३ भदौ ३१ गतेको नागरिक राष्ट्रिय दैनिक तथा मिति २०८३ असोज १३ गतेको नयाँ पत्रिका दैनिक मा प्रकाशित गरिएको थियो । सभाको सूचना, वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई जानकारीको लागि डेभलपमेन्ट बैंकको वेवसाईट www.shangrilabank.com मा समेत राखिएको थियो ।

३. **वैधानिक पूर्वाधार :**

नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभागको "लाभांश घोषणा /वितरण तथा वार्षिक वित्तीय विवरण प्रकाशन सम्बन्धमा" विषयगत मिति २०८३।०५।०८ गतेको पत्र (पत्र /संख्या:वि.सं.सु.वि./ गैरस्थलगत/ सांग्रिला/ ०८३/०८४, च.नं. ७९) बाट आर्थिक वर्ष २०८२/०८३ को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्राप्त भई साधारण सभा गर्न वैधानिक पूर्वाधार पुरा भएकोले मिति २०८३/०६/२२ गते डेभलपमेन्ट बैंकको साधारण सभा भएको हो ।

Shangrila Development Bank Ltd. * Kathmandu, Nepal *

४. साधारण सभाका छलफलका विषयहरु:

(क) साधारण प्रस्तावहरु :

(१) अध्यक्षज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८२/०८३ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने बारे ।

(३) आर्थिक वर्ष २०८३/०८४ को लागि डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी ३,७३,४०,६८,५०५.५३ को ६.५२६३ प्रतिशत नगद लाभांश अर्थात रु.२४,३६,९७,१०२.४७ (अक्षेरुपी चौवीस करोड छत्तीस लाख सन्तानब्बे हजार एक सय दुई र पैसा सत्चालीस मात्र) (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(५) संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना संचालक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालकको लागि निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरु :

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु ३,७३,४०,६८,५०५.५३ (अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) को ४ प्रतिशत अर्थात रकम रु.१४,९३,६२,७४०.२२ (अक्षेरुपी चौध करोड त्रीयानब्बे लाख बैसठ्ठी हजार सात सय चालीस र पैसा बाईस मात्र) को बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु ३,७३,४०,६८,५०५.५३ (अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) रहेकोमा बोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु ३,८८,३४,३१,२४५.७५/-(अक्षेरुपी तीन अर्ब अठासी करोड चौंतीस लाख एकतीस हजार दुई सय पैंतालीस र पैसा पचहत्तर मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३) विशेष प्रस्ताव नं. (१), (२) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५) यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(ग) विविध

५. सभाको वैधानिकता:

डेभलपमेन्ट बैंकको वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, कम्पनीको प्रबन्ध पत्र नियमावली बमोजिम बोलाइएको, सभा गर्ने सम्बन्धमा ऐनको दफा ६७ (२) बमोजिम शेयरधनी महानुभावहरुलाई पठाउनु पर्ने सूचना पठाउनुका साथै राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशन गरिएको, साधारण सभा हुन कम्पनी ऐन बमाजिम वाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी प्रतिनिधित्व हुने गरी कम्पनीका ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुन पर्ने प्रावधान रहेकोमा बाईसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको उपस्थिति पुस्तिकामा स्वयं तथा प्रतिनिधि मार्फत उपस्थिति जनाउनु हुने शेयरधनीहरुको संख्या, शेयर संख्या र प्रतिशत तल उल्लेख भए बमोजिम रहेको र सो संख्या प्रतिशत साधारण सभाको काम, कारवाही र निर्णय गर्न पर्याप्त भई गणपुरक संख्या पुगेको हुँदा सभा ऐन, नियम कानून बमोजिम वैधानिक भएको व्यहोरा डेभलपमेन्ट बैंकको कम्पनी सचिव श्री सुजनबाबु अधिकारीज्यूले सभा समक्ष प्रस्तुत गर्नुभयो ।

६. सभाको उपस्थिति:

(क) सभामा उपस्थित संचालकहरु

१. अध्यक्ष श्री उज्ज्वल सत्यालज्यू

२. संचालक श्री सुशिल काजी वानियाँज्यू

३. संचालक श्री सुजन सिद्धि वज्राचार्यज्यू

४. संचालक श्री गंगा सागर हकालज्यू

५. संचालक श्री लिसा शेरचनज्यू

६. संचालक श्री नरेश डुंगानाज्यू

७. स्वतन्त्र संचालक श्री रविन्द्र नारायण प्रधानज्यू

(ख) सभामा उपस्थित पदाधिकारी

१. श्री रविन सिजापती- प्रमुख कार्यकारी अधिकृत

२. श्री उमेश सिंह भण्डारी- नायव प्रमुख कार्यकारी अधिकृत

३. श्री अपूर्व प्रसाद जोशी- वरिष्ठ नायव महाप्रवन्धक

४. श्री रजित मास्के- नायव महाप्रवन्धक

५. श्री जयन्द्र वहादुर खड्का- सहायक महाप्रवन्धक

५. सुजनवावु अधिकारी- कम्पनी सचिव

अन्य पदाधिकारी

१) कम्पनी रजिष्ट्रार कार्यालयका कम्प्युटर अपरेटर श्री अर्चना कार्की

(ग) शेयरधनीहरुको उपस्थिति

कूल शेयरधनी संख्या समूह "क" र "ख"	कूल शेयर संख्या	स्वयं सभामा उपस्थित शेयरधनी संख्या	प्रतिनिधीद्वारा उपस्थित शेयरधनी संख्या	जम्मा उपस्थित शेयरधनी संख्या	जम्मा उपस्थित शेयर संख्या	कूल शेयरको प्रतिनिधित्व
२४,३८६	३,७३,४०,६८५.०६	३३७	५३४	८७१	२,१८,०२,२४२	५८.३९

७. **साधारण सभाको सभापतित्व र सभा सञ्चालन**

कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा डेभलपमेन्ट वैंकको नियमावलीमा साधारण सभाको सभापतित्व संचालक समितिको अध्यक्षद्वारा गरिनेछ भन्ने व्यवस्था भए वमोजिम साधारण सभाको अध्यक्षता डेभलपमेन्ट वैंकको संचालक समितिका अध्यक्ष उज्ज्वल सत्यालज्यूले गर्नुभयो ।

८. **स्वागत मन्तव्य**

साधारण सभामा संचालकहरु, संस्थापक शेयरधनीहरु, सर्वसाधारण शेयरधनीहरु, वाह्य तथा आन्तरिक लेखापरीक्षक, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, कानूनी सल्लाहकार, व्यवस्थापन तथा कर्मचारीहरु, पत्रकारहरु, अतिथिज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई डेभलपमेन्ट वैंकका संचालक श्री सुशिल काजी वानियाँज्यूले स्वागत गर्दै आफ्नो मन्तव्य प्रकट गर्नु भयो ।

९. **वार्षिक साधारण सभाको औपचारिक उद्घाटन:**

२२औ वार्षिक साधारण सभाको उद्घाटन डेभलपमेन्ट वैंकको संचालक समितिका अध्यक्ष तथा साधारण सभाका सभापति श्री उज्ज्वल सत्यालज्यूले कलात्मक पानसमा दिप प्रज्वलन गरेर गर्नुभयो । सोही अवसरमा नेपालको राष्ट्रिय गान वजाई राष्ट्र र राष्ट्रियता प्रति समर्पित भाव प्रकट गरिएको थियो ।

१०. **सभा सञ्चालनको अनुमति:**

सभाको कार्यवाही अगाडि वढाउन तथा छलफलका लागि पूर्व निर्धारित विषयसूचीहरु सभामा प्रस्तुत गर्न सभा अध्यक्षवाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

११. **वार्षिक प्रतिवेदनको प्रस्तुति:**

क) साधारण सभाका सभापतित्व श्री उज्ज्वल सत्यालज्यूले साधारण सभामा छलफलका लागि पेश गरिएका प्रस्तावहरु प्रस्तुत गर्नुका साथै संचालक समितिको तर्फवाट वार्षिक प्रतिवेदन, आ.व. २०८२/८३ को लेखापरीक्षकको लेखा परीक्षणप्रतिवेदन, २०८३ आषाढ मसान्तसम्मको वासलात, नाफा/नोक्सान हिसाव, नाफा/नोक्सान वाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको आर्थिक तथा वित्तीय विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

ख) अध्यक्षज्यूद्वारा प्रतिवेदन प्रस्तुत गरिसकेपछि त्यस सम्वन्धमा तथा वार्षिक साधारण सभामा निर्णयार्थ पेश गरिएका प्रस्तावहरुको सम्वन्धमा छलफलमा सहभागी भई आ-आफ्नो जिज्ञासा, सल्लाह, सुझाव, विचारहरु राख्न शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

प्रतिवेदन उपर छलफल

सभामा शेयरधनीहरु श्री डम्मरु वल्लभ घिमिरे, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री गणेश वहादुर अधिकारीले सभामा सहभागी भई विभिन्न सुझावहरु दिनु भयो भने श्री नरसिंहलाल चखु, श्री ब्रम्ह देव शाक्य, श्री चन्द्र नारायण श्रेष्ठ, श्री सुदिप श्रेष्ठ, श्री वैजू नाथ रौनियार, श्री जगन्नाथ आचार्य, श्री भेषराज भण्डारी, श्री कृष्ण प्रसाद अधिकारी, श्री लक्ष्मण वहादुर श्रेष्ठ, श्री सुरेन्द्र चिमौरिया, प्रो.डा. रामजी प्रसाद पंडित, श्री युगल वसेल र श्री उत्तम दत्त पाण्डेले लिखित सुझाव दिनुभयो ।

शेयरधनी श्री डम्मरु वल्लभ घिमिरे

पहिलो त्रैमास भित्रै तथा दशैं अगाडिनै यति छिटो साधारण सभा गर्नुभएर इतिहासमा सुनौलो अक्षरले लेख्न सफल भएकोमा सञ्चालक तथा बैंक व्यवस्थपनलाई मुरी मुरी धन्यवाद दिन चाहन्छु । नगद लाभांश दिन अधिक दबावका बावजुत समेत बोनस शेयर समेत दिएकोमा खुशी लागेको छ । पूर्व प्रमुख कार्यकारी अधिकृतलाई समेत सम्झन चाहन्छु । संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । धेरै अनुभवी व्यक्ति श्री रविन सिजापतीज्यूलाई प्रमुख कार्यकारी अधिकृतको रुपमा भित्राउनु भएकोमा संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत सहितको राम्रो टिम तयार भएको छ । रसुवामा आएको बाढीले बैंकका ग्राहक, कर्मचारी तथा बैंकको शाखा लगायतका पूर्वाधारहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा केही असर परेको भए सोको जानकारी गराइदिन अनुरोध गर्दछु ।

शेयरधनी श्री इन्द्र कृष्ण श्रेठ

योग्य व्यक्ति अध्यक्षको रुपमा पाउँदा हामी खुशी छौं । राम्रो व्यक्तिलाई सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृत तथा नायब प्रमुख कार्यकारी नियुक्ति गरेकोमा संचालक समितिलाई धन्यवाद । बैंकको प्रगतिको लागि बैंक व्यवस्थापन तथा सम्पूर्ण कर्मचारी खुशी हुन आवश्यक छ तब मात्र बैंकलाई अगाडि बढाउन सकिन्छ । राम्रो कर्मचारीलाई संस्थामा रहिरहने वातावरण बनाउन आवश्यक देखिन्छ । विभिन्न परिसूचकहरु सकारात्मक देखिन्छन् । कर्जा असुलीमा विशेष ध्यान दिन एवं निष्कृय कर्जा घटाउँदै लैजान आवश्यक देखिन्छ । कर्जा लगानीको लागि राम्रो वातावरण बनाउन आवश्यक देखिन्छ । भोटेकोशीमा आएको बाढीमा साग्रिला डेभलपमेन्ट बैंक र यस बैंकका कर्मचारीहरुले गरेको सहयोग सम्झदै वार्षिक साधारण सभाको लागि शुभकामना दिन चाहन्छु ।

शेयरधनी श्री गणेश बहादुर अधिकारी

मेरो जिज्ञासा यो रहेको छ की प्रोक्सिको लागि ७२ घण्टा अगावै दर्ता गराउनपर्ने अवस्था किन हो ? सम्पूर्ण शाखा कार्यालयमा बैंकको वार्षिक प्रतिवेदन पुऱ्याउने व्यवस्था गर्नुपऱ्यो । साधारण सभामा संस्थापक अध्यक्षलाई समेत उचित स्थान दिइ मञ्चमा आसन ग्रहण गराउने व्यवस्थाका लागि अनुरोध गर्दछु । बजारमा अधिक तरलता रहेको र सो वमोजिम कर्जा लगानी नभएको अवस्थामा तरलता व्यवस्थापन चुनौतीको रुपमा रहेको देखिन्छ एवं गरिएका कर्जा लगानीहरुको समेत असुलीमा समस्या देखिनुले बैंकमा थप चुनौती देखिन्छ । बढ्दो निष्कृय कर्जाले गर्दा निक्षेप कर्ताको हित संरक्षणमा ध्यान जानु आवश्यक छ । लाभांश बाँड्नु महत्वपूर्ण विषय हो तर हचुवाका भरमा सहि तरिकाले कर्जाको प्रक्षेपिजन नगरिकन यदि लाभांश बाँडिन्छ भने त्यो राम्रो मान्न सकिदैन । काठमाडौंमा मात्र साधारण सभा नगरी अन्य उपयुक्त स्थानहरु जस्तै पोखरा, नेपालगञ्ज लगायतका अन्य पायक पर्ने स्थानहरुमा पालैपालो साधारण सभा गर्न सुझाव दिन चाहन्छु ।

शेयरधनी श्री नरसिंहलाल चखुं

बैंकको वार्षिक प्रतिवेदन एवं वित्तीय कारोबार प्रगति उन्मुख देखिन्छ । प्रस्तावित लाभांशको लागि संचालक समिति, व्यवस्थापन तथा सम्पूर्ण कर्मचारी प्रति आभार प्रकट गर्दछु । विभिन्न वित्तीय परिसूचकहरु सकारात्मक देखिन्छन् । कर्जा असुली, कर्जा अपलेखनको असूली आदिमा व्यवस्थापनको प्रयास रहेको देखिन्छ । NPL लाई स्वीकार योग्य स्थितिमा ल्याउन थप प्रयास आवश्यक देखिन्छ । संस्थाको विभिन्न वित्तीय परिसूचकहरुको सुधारका लागि बैंक व्यवस्थापनले गरेको प्रयास सकारात्मक रुपमा लिनु पर्दछ । सम्पूर्ण प्रस्तावहरुप्रति समर्थन जनाउँदै बैंकको उज्ज्वल भविष्यको कामना गर्दछु ।

Shangrila Development Bank Ltd.

शेयरधनी श्री ब्रम्ह देव शाक्य

पहिलो त्रैमास भित्रै साधारण सभा गर्नुले बैंक भित्र संस्थागत सुशासन चुस्त दुरुस्त रहको पुष्टि गर्दछ । साधारण सभामा प्रस्तुत सामान्य र विशेष प्रस्ताव मध्ये हामी शेयरधनीहरुको लागि आकर्षणको रुपमा रहेको लाभांश सम्बन्धी प्रस्ताव समेतलाई पूर्ण समर्थन गर्दछु । व्यवसाय विस्तार गर्नका साथै गुणस्तरमा समेत ध्यान दिन सुझाव दिन चाहन्छु । यस सभा मार्फत निर्वाचित हुनुहुने सम्पूर्ण सञ्चाकलज्यूहरुलाई बैंक तथा शेयरधनीहरुको हितमा काम गर्न सफलता मिलोस् भनी शुभकामना दिन चाहन्छु । यस डेभलपमेन्ट बैंक विकास बैंकबाट वाणिज्य बैंकमा स्तर उन्नती गर्ने लक्ष्यका साथ काम गर्न सुझाव दिन चाहन्छु ।

शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ

प्रस्तावित लाभांश प्रतिफल सकारात्मक मान्न सकिन्छ । यस विकास बैंकले राम्रो किसिमले व्यवसाय अभिवृद्धि, प्रतिफल उन्मुख वृद्धि गरेको भएतापनि कुल आयमा गत वर्ष भन्दा व्यवस्थापन लागतमा वृद्धि भएको छ यसमा ध्यान पुऱ्याउनु पर्दछ । २२ औं वार्षिक साधारण सभाको सफलताको लागि कामना गर्दछु ।

शेयरधनी श्री सुदिप श्रेष्ठ

पहिलो त्रैमास भित्रै साधारण सभा गर्नुले बैंक भित्र संस्थागत सुशासन रहेको विषय प्रष्ट्यायो । बैंकले अघिल्ला आ.व.हरुमा जस्तै यस वर्षमा समेत राम्रो प्रतिफल दिन सकेको देखिन्छ जुन स्वागतयोग्य मान्न सकिन्छ । कर्जा असुली र गैर बैंकिङ्ग सम्पत्ति व्यवस्थापनमा ध्यान दिन सुझाव दिन चाहन्छु ।

शेयरधनी श्री वैजू नाथ रौनियार

राम्रो लाभांश प्रस्ताव गरेकाले बैंक मजवुत रहेको देखिन्छ । NPL सुधारमा ध्यान जान आवश्यक देखिन्छ । विभिन्न आ.व.मा शेयरधनीहरुले बुझ्न बाँकि लाभांश रकम घटाउँदै लैजानका लागि पहल गर्न आवश्यक देखिन्छ । वार्षिक प्रतिवेदन प्रकाशित गर्दाका वखत नेपाल राष्ट्र बैंक तथा वाह्य लेखापरीक्षकले औल्याएका कैफियतहरुको सुधारका लागि व्यवस्थापनको ध्यान आकर्षण गर्दै अवका आ.व.मा यस किसिमको कैफियत नदेखिने गरी कार्य गर्न सुझाव दिन चाहन्छु । कर्जा असुलीमा विशेष ध्यान दिन, कर्मचारीलाई तालिम दिन एवं ग्राहक तथा शेयरधनीहरुको हितमा कार्य गर्न आवश्यक सुझाव दिन चाहन्छु ।

शेयरधनी श्री जगन्नाथ आचार्य

लगानीकर्ता शेयरधनीहरुका लागि राम्रो प्रतिफल आएकोमा खुशी प्रकट गर्दछु । निष्क्रिय कर्जा बढेको राम्रो मान्न सकिएन तसर्थ कर्जा असुलीमा विशेष ध्यान जानु आवश्यक छ । बैंकलाई यस अवस्थामा ल्याइपुऱ्याउन योगदान गर्नुभएको अघिल्लो प्रमुख कार्यकारी अधिकृत तथा संचालक समितिको योगदानलाई समेत सम्झन चाहन्छु । संचालक समितिमा आउन लाग्नु भएका नव सञ्चालक समितिलाई अग्रिम बधाई दिदै सफल कार्यकालको शुभकामना दिन चाहन्छु । लामो समयदेखि दिदै आएको बैंकको लाभांश इतिहास राम्रो देखिन्छ । लाभांश क्षमताको एकसमान निरन्तरता तथा अधिक फरकपन नदेखिनको लागि Dividend Plan बनाएर अगाडि बढ्न आवश्यक देखिन्छ । असल धितोमा कर्जा प्रवाह गर्न सुझाव दिन चाहन्छु । खर्च कम गर्न तथा राम्रा कर्मचारीलाई पुरस्कृत गर्न सुझाव दिन चाहन्छु । भोटेकोशी बाढीबाट प्रभावितको लागि यस बैंकले प्रधानमन्त्री उद्धार कोषमा गरेको सहयोगको उच्च प्रशंसा गर्न चाहन्छु । नेपाल राष्ट्र बैंकबाट लाभांश वितरण गर्न स्वीकृत दिंदाका अवस्थामा दिइएका निर्देशनहरुको पूर्ण पालना गर्न अनुरोध गर्दछु । साथै, संचालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापनलाई सफलताको लागि शुभकामना दिन चाहन्छु ।

Shangrila Development Bank Ltd. Kathmandu, Nepal

शेयरधनी श्री भेषराज भण्डारी

राम्रो लाभांश प्रस्तावको लागि सञ्चालक समिति एवं बैंक व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु । बैंकको प्रतिवेदन राम्रो देखिन्छ । निक्षेप तथा कर्जा विस्तार भएको देखिन्छ । NPL बढेको देखिएकाले कर्जा असुलीमा विशेष ध्यान दिन सुझाव दिन चाहन्छु ।

शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी

बाईसौ वार्षिक साधारण सभा समयमा गर्नुभएकोमा हार्दिक धन्यवाद । प्रतिवेदन एवं बैंकको प्रतिफल रामै छ । यसको निरन्तरता होस् । कम्पनीमा राम्रो सुशासन देखिन्छ । निर्वाचनबाट जो जो सञ्चालक निर्वाचित हुनुहुन्छ उहाँहरुलाई हार्दिक बधाई । सभाको सफलताको कामना गर्दछु ।

शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठ

यस वर्ष जस्तै आगामी आ.व.हरुमा समेत प्रथम त्रैमासमा नै साधारण सभा गर्नका लागि अनुरोध गर्न चाहन्छु । शेयरधनीहरुका लागि राम्रो प्रतिफल दिन सकेकोमा धन्यवाद दिन चाहन्छु । आगामी वर्षमा लाभांश क्षमता बढ्नेमा आशावादी रहेको छु । भोटेकोशीमा आएको बाढीले पारेको प्रभावका बारेमा जानकारी दिन अनुरोध गर्दछु ।

शेयरधनी श्री सुरेन्द्र चिमौरिया

संस्थाको निरन्तर प्रगती तथा संस्थागत विकासका लागि सञ्चालक समिति, व्यवस्थापन, कर्मचारी तथा सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । लाभांश प्रस्ताव भएकोमा खुशी व्यक्त गर्दछु । यसै किसिमको आकर्षक लाभांश अगामी आ.व.हरुमा समेत प्रदान गर्ने गरी दिगो सुधारको कामना गर्दछु । सम्पूर्ण प्रस्तावहरुमा समर्थन जनाउँदै शुभकामना व्यक्त गर्दछु ।

शेयरधनी श्री प्रो.डा. रामजी प्रसाद पंडित

राम्रो लाभांश दिनुभएकोमा धन्यवाद दिन चाहन्छु । बोनस शेयर जारी गर्दा खण्डित शेयर समेत जारी हुने र त्यस्तो शेयर दोस्रो बजारमा कारोबार नहुने भएकाले उपयुक्त उपाय अपनाई खण्डित शेयरको व्यवस्थापनका लागि अनुरोध गर्न चाहन्छु ।

शेयरधनी श्री युगल बसेल

प्रतिफलको लागि धन्यवाद । कर्जा लगानी, ब्याज आम्दानी, इम्पेयरमेन्ट चार्ज, खुद नाफा, प्रति शेयर आम्दानी आदिमा भएको सुधारलाई सकारात्मक मान्नु पर्दछ । आगामी वर्ष NPL लाई ५ प्रतिशत तल झार्न पर्दछ । कर्मचारीलाई दिइएको तालिम प्रशंसनिय छ । शेयर खरिद तथा बिक्रीमा बढी ध्यान पुऱ्याउन तथा रणनितीक लगानी गर्न सुझाव दिन चाहन्छु । अपलेखन भएको कर्जा र त्यसको असुलीमा भएको अन्तरलाई सुधार गर्न आवश्यक देखिन्छ । पहिलो त्रैमास भित्रै साधारण सभा सम्पन्न गर्न सफल हुनु भएकोमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

Shangri-La Development Bank Ltd. Kathmandu, Nepal

शेयरधनी श्री उत्तम दत्त पाण्डे

गैर वैकिङ्ग सम्पत्ति बढेको देखिन्छ । शेयरधनीलाई उचित प्रतिफल दिनु भएकोमा धन्यवाद दिन चाहन्छु । कर्जा नोक्सानी व्यवस्था घटाउन स्पेशल टास्कफोर्स आवश्यक देखिन्छ । कर्जा अपलेखनको विस्तृत विवरण उल्लेख गर्न सुझाव दिन चाहन्छु । यस बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएको उपरोक्त जिज्ञासा एवं सुझावहरुका सम्बन्धमा सभाका अध्यक्ष श्री उज्ज्वल सत्यालज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री रविन सिजापतीज्यूले निम्न जवाफ दिनुभयो ।

सभाका सभापति श्री उज्ज्वल सत्यालज्यू, प्रमुख कार्यकारी अधिकृत श्री रविन सिजापतीज्यूले शेयरधनीहरुले डेभलपमेन्ट बैंकका काम, कियाकलाप, उन्नति, प्रगतिका सम्बन्धमा गर्नुभएको सराहना प्रति धन्यवाद ज्ञापन गर्नुका साथै दिनु भएको बहुमुल्य सल्लाह सुझाव प्रति आभार व्यक्त गरी उक्त सुझावहरुलाई डेभलपेन्ट बैंकको भावी योजनाको मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता प्रकट गर्दै शेयरधनीहरुले छलफलका क्रममा उठाउनु भएका प्रश्नहरुको क्रमवद्ध रुपमा जवाफ दिनुका साथै राख्नु भएको जिज्ञासाहरुलाई देहाय अनुसार स्पष्ट पार्नु भयो ।

शेयरधनीहरुको जिज्ञासामा सञ्चालक समितिका अध्यक्ष श्री उज्ज्वल सत्यालज्यूको जवाफ

नगद लाभांश बाँड्नका लागि दवाव हुँदा हुँदै शेयरधनीहरुको हितलाई ध्यानमा राखेर नै बैंकले नगद लाभांश र बोनस शेयर दुवै वितरणको प्रस्ताव गरेको हो । भोटकोशीमा आएको बाढीले बैंकको केही ग्राहकहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा असर पर्न गएको तर बैंकको शाखा तथा कर्मचारीहरुमा प्रत्यक्ष रुपमा कुनै असर परेको छैन । सबै कर्मचारी सकुशल रहनु भएको । यस विषम परिस्थितिमा बैंकको निष्कृय कर्जा केही बढ्नु स्वभाविक भएतापनि अबका दिन उक्त निष्कृय कर्जा घटाउँदै लैजाने प्रयास हाम्रो रहेको छ र आगामी वर्ष निष्कृय कर्जालाई घटाउन सकिन्छ भन्ने हाम्रो विश्वास रहेको छ । आएका लिखित सुझावहरुलाई अध्ययन गरिनेछ । आगामी वर्षहरुमा शाखा कार्यालयमा समयमा नै वार्षिक प्रतिवेदन पुऱ्याउन प्रयास गर्नेछौं । सभा शुरु हुनु अगाडि नै प्रोक्सि दर्ता गराउनुपर्ने कानूनी व्यवस्था अनुसार प्रोक्सि दर्ताको व्यवस्था उल्लेख गरिएको हो । संस्थापक अध्यक्षलाई मञ्चमा स्थान दिने विषय तथा अन्य स्थानमा साधारण सभा गर्ने विषयमा हामी छलफल गरी अगाडि बढ्नेछौं । अन्य उठेका विषयहरुको संबोधनका लागि प्रमुख कार्यकारी अधिकृतलाई अनुरोध गर्दछु ।

शेयरधनीहरुको जिज्ञासामा अध्यक्ष ज्यूको अनुरोधमा प्रमुख कार्यकारी अधिकृत श्री रविन सिजापतीज्यूको जवाफ

प्रमुख कार्यकारी अधिकृतको रुपमा मलाई स्वागत गर्नु भएकोमा सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिन चाहन्छु । साँग्रिला डेभलपमेन्ट बैंकलाई क्रमशः थप सुधार गर्दै अगाडि बढाउँदै लैजाने प्रतिवद्धता व्यक्त गर्दछु । कठिन

Shangrila Development Bank Ltd. Kathmandu, Nepal

परिस्थितिका बावजुत यस डेभलपमेन्ट बैंकले गरेको लाभांश प्रस्तावलाई सकारात्मक रुपमा लिइदिनु भएकोमा सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिन चाहन्छु। नुवाकोटको बट्टारमा रहेको हाम्रो शाखा भोटेकोशी वाढी नजिक भएतापनि सो शाखा र शाखाका कर्मचारीहरुमा कुनै प्रत्यक्ष असर परेको छैन तथापी सो शाखावाट कर्जा लगानी भएका केही ग्राहकहरु सम्पर्कमा नआउनु भएको, केही ग्राहकहरुको धितोमा असर परेको र केही ग्राहकहरुको व्यवसायमा असर परेको जानकारी पाएका छौं। हामी त्यस्ता ग्राहकहरुको समस्या वुझेर नै अगाडि वढ्नेछौं। निर्वाचन निर्देशिकामा भएको व्यवस्था अनुसार ७२ घण्टा अगाडी प्रोक्सि दर्ता गर्ने व्यवस्था गरिएको हो। संस्थापक अध्यक्षलाई मञ्चमा स्थान दिने विषयमा हामी सकारात्मक छौ। NPL लाई सुधार गर्ने हाम्रो प्रयास रहनेछ। अन्य क्षेत्रमा साधारण सभा गर्ने सुझावलाई हामी ग्रहण गर्दछौ। आगामी वर्षको साधारण सभा समेत समयमा नै गर्ने प्रयास गरिनेछ।

१२. **साधारण सभाका निर्णयहरु:**

साधारण सभाद्वारा पारित गरिनु पर्ने साधारण तथा विशेष प्रस्तावहरु अध्यक्षज्यूले पारितका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सर्वसम्मतिले प्रस्तावहरु पारित भई निम्न निर्णयहरु गरियो।

क) **सामान्य प्रस्ताव उपरका निणर्यहरु:**

(१) अध्यक्षज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने निर्णय गरियो।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८२/०८३ को नाफा नोक्सान हिसाव, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू पारित गर्ने निर्णय गरियो।

(३) आर्थिक वर्ष २०८३/०८४ मा डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस वमोजिम बैंकको आ.व. २०८३/०८४ को लेखापरीक्षण गर्न श्री सुजन काफ्ले एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेन्ट्सलाई निजको पारिश्रमिक वापत लेखापरीक्षण शुल्क, Tax Audit, Long Form Audit Report, कम्पनी ऐन २०६३ को दफा ७८ प्रमाणिकरण, संस्थागत सुशासन सम्वन्धी अनुपालना प्रतिवेदन र यातायात खर्च समेत गरी रु. २०,००,०००/-(अक्षेरेपी रु वीस लाख) (मूल्य अभिवृद्धि कर वाहेक) प्रदान गर्ने गरी नियुक्त गर्ने निर्णय गरियो।

(४) संचालक समितिले प्रस्ताव गरे वमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूंजी ३,७३,४०,६८,५०५.५३ (अक्षेरुपी तीन अर्व त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) को ६.५२६३ प्रतिशत नगद लाभांश अर्थात रु.२४,३६,९७,१०२.४७ (अक्षेरुपी चौवीस करोड छत्तीस लाख सन्तानब्वे हजार एक सय दुई र पैसा सत्चालीस मात्र) (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने निर्णय गरियो।

(५) संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना संचालक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना संचालकको निर्वाचनको सन्दर्भमा निर्वाचन अधिकृत श्री रेशम राज रेग्मीले देहाय बमोजिमका संचालकहरु निर्विरोध निर्वाचित हुनुभएको घोषणा साधारण सभा समक्ष गर्नुभएकाले देहाय बमोजिमका संचालकहरु निर्विरोध निर्वाचित हुनुभएको निर्णय गरियो ।

निर्विरोध निर्वाचित हुनुभएका संचालकको नाम

क्र.सं.	समूह	नाम
१	संस्थापक	श्री उज्जवल सत्पाल
२	संस्थापक	श्री श्याम कुमार शर्मा
३	संस्थापक	श्री सुशील काजी बानियाँ
४	सर्वसाधारण	श्री विष्णु प्रसाद ढकाल
५	सर्वसाधारण	श्री कृष्ण प्रसाद रेग्मी
६	सर्वसाधारण	श्री भावना अग्रवाल

ख) विशेष प्रस्ताव उपरको निर्णयहरु:

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु ३,७३,४०,६८,५०५.५३ (अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) को ४ प्रतिशत अर्थात रकम रु.१४,९३,६२,७४०.२२ (अक्षेरुपी चौध करोड त्रीयानब्बे लाख बैसठ्ठी हजार सात सय चालीस र पैसा बाईस मात्र) को बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु ३,७३,४०,६८,५०५.५३ (अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) रहेकोमा बोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु ३,८८,३४,३१,२४५.७५/-(अक्षेरुपी तीन अर्ब अठासी करोड चौंतीस लाख एकतीस हजार दुई सय पैंतालीस र पैसा पचहत्तर मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

३) विशेष प्रस्ताव नं. (१), (२) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

साँग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको प्रबन्धपत्रको संशोधनको तीन महले विवरण

दफा नं.	साबिकको व्यवस्था	संशोधित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
५(ख)	विकास बैंकको जारी पुँजी रु ३,७३,४०,६८,५०५.५३ (अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी	विकास बैंकको जारी पुँजी रु ३,८८,३४,३१,२४५.७५ (अक्षेरुपी तीन अर्ब अठासी करोड चौत्तीस लाख	४ प्रतिशत बोनस शेयर वितरण गरे

	हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,७३,४०,६८५.०६ (तीन करोड त्रीहत्तर लाख चालीस हजार छ सय पचासी दशमलव शून्य छ) थान साधारण शेयर मा विभाजन गरिएको छ ।	एकतीस हजार दुई सय पैंतालीस र पैसा पचहत्तर मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,८८,३४,३१२.४६ (तीन करोड अठासी लाख चौतीस हजार तीन सय बाह्र दशमलव छयालीस) थान साधारण शेयर मा विभाजन गरिएको छ ।	पश्चात विकास बैंकको जारी तथा चुक्ता पुँजीमा वृद्धि हुने भएकोले ।
५(ग)	विकास बैंकको चुक्ता पुँजी रु ३,७३,४०,६८,५०५.५३ (अक्षेरुपी तीन अर्व त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) हुनेछ	विकास बैंकको चुक्ता पुँजी रु ३,८८,३४,३१,२४५.७५ (अक्षेरुपी तीन अर्व अठासी करोड चौंतीस लाख एकतीस हजार दुई सय पैंतालीस र पैसा पचहत्तर मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,८८,३४,३१२.४६ (तीन करोड अठासी लाख चौतीस हजार तीन सय बाह्र दशमलव छयालीस) थान साधारण शेयर मा विभाजन गरिएको छ ।	

साग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको प्रबन्धपत्रमा संशोधन

५(ख) विकास बैंकको जारी पुँजी रु. ३,८८,३४,३१,२४५.७५/-(अक्षेरुपी तीन अर्ब अठासी करोड चौंतीस लाख एकतीस हजार दुई सय पैंतालीस र पैसा पचहत्तर मात्र)हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,८८,३४,३१२.४६ (तीन करोड अठासी लाख चौंतीस हजार तीन सय बाह्र दशमलव छयालीस)थान साधारण शेयर मा विभाजन गरिएको छ ।

५(ग) विकास बैंकको चुक्ता पुँजी रु. ३,८८,३४,३१,२४५.७५/-(अक्षेरुपी तीन अर्ब अठासी करोड चौंतीस लाख एकतीस हजार दुई सय पैंतालीस र पैसा पचहत्तर मात्र)हुनेछ ।

४) यस साग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा साग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

Shangrila Development Bank Ltd. Kathmandu, Nepal

५) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

विविध

विविध अन्तर्गत छलफलको कुनै पनि विषय नभएकोले छलफल नभएको ।

१३. **धन्यवाद प्रदान तथा सभाको समापन**

डेभलपमेन्ट बैंकलाई निरन्तर सहयोग पुऱ्याउँदै आउनु भएका सम्पूर्ण संचालकहरु, शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड तथा अन्य सम्बन्धित सम्पूर्ण निकायहरु, ग्राहक महानुभावहरु अतिथिज्यूहरु, पत्रकारहरु प्रति र डेभलपमेन्ट बैंकको उन्नतिमा योगदान पुऱ्याउनु हुने बैंकमा कार्यरत सम्पूर्ण मानव संशाधन परिवार तथा बैंक उच्च व्यवस्थापन र कार्यकम स्थल उपलब्ध गराउनुहुने ऐलिस रिसेप्सन परिवार प्रति धन्यवाद ज्ञापन गर्दै अध्यक्ष श्री उज्ज्वल सत्यालज्यूले बाईसौं वार्षिक साधारण सभाको समापन गर्नुभयो ।

सुजनबाबु अधिकारी
कम्पनी सचिव

उज्ज्वल सत्याल
अध्यक्ष

सभा सम्पन्न भएको मिति: २०८३ साल असोज २२ गते तदनुसार ८ अक्टोबर २०२६, बिहिबार ।

साँग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको प्रबन्धपत्रको संशोधनको तीन महले विवरण

दफा नं.	साविकको व्यवस्था	संशोधित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
५(ख)	विकास बैंकको जारी पुँजी रु ३,७३,४०,६८,५०५.५३ (अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,७३,४०,६८५.०६ (तीन करोड त्रीहत्तर लाख चालीस हजार छ सय पचासी दशमलव शून्य छ) थान साधारण शेयर मा विभाजन गरिएको छ ।	विकास बैंकको जारी पुँजी रु ३,८८,३४,३१,२४५.७५ (अक्षेरुपी तीन अर्ब अठासी करोड चौत्तीस लाख एकतीस हजार दुई सय पैंतालीस र पैसा पचहत्तर मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,८८,३४,३१२.४६ (तीन करोड अठासी लाख चौतीस हजार तीन सय बाह्र दशमलव छयालीस) थान साधारण शेयर मा विभाजन गरिएको छ ।	४ प्रतिशत बोनस शेयर वितरण गरे पश्चात विकास बैंकको जारी तथा चुक्ता पुँजीमा वृद्धि हुने भएकोले ।
५(ग)	विकास बैंकको चुक्ता पुँजी रु ३,७३,४०,६८,५०५.५३ (अक्षेरुपी तीन अर्ब त्रीहत्तर करोड चालीस लाख अठसट्ठी हजार पाँच सय पाँच र पैसा त्रीपन्न मात्र) हुनेछ	विकास बैंकको चुक्ता पुँजी रु ३,८८,३४,३१,२४५.७५ (अक्षेरुपी तीन अर्ब अठासी करोड चौत्तीस लाख एकतीस हजार दुई सय पैंतालीस र पैसा पचहत्तर मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,८८,३४,३१२.४६ (तीन करोड अठासी लाख चौतीस हजार तीन सय बाह्र दशमलव छयालीस) थान साधारण शेयर मा विभाजन गरिएको छ ।	

मिति २०८३/०६/२२ मा बसेको २२ औं वार्षिक साधारण सभाद्वारा पारित प्रबन्धपत्रमा संशोधन

५(ख) विकास बैंकको जारी पुँजी रु. ३,८८,३४,३१,२४५.७५/-(अक्षेरुपी तीन अर्ब अठासी करोड चौंतीस लाख एकतीस हजार दुई सय पैंतालीस र पैसा पचहत्तर मात्र)हुनेछ। जसलाई प्रति शेयर रु. १००/- का दरले ३,८८,३४,३१२.४६ (तीन करोड अठासी लाख चौंतीस हजार तीन सय बाह्र दशमलव छयालीस)थान साधारण शेयर मा विभाजन गरिएको छ।

५(ग) विकास बैंकको चुक्ता पुँजी रु. ३,८८,३४,३१,२४५.७५/-(अक्षेरुपी तीन अर्ब अठासी करोड चौंतीस लाख एकतीस हजार दुई सय पैंतालीस र पैसा पचहत्तर मात्र)हुनेछ।

Shangrila Development Bank Ltd. * Kathmandu, Nepal *